म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २६ २०८० मंसिर २७ गते बुधबार 13 December 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परिक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लागुऔषध गाँजासहित ४ जना पक्राउ




*लागुऔषध गाँजासहित थानाभञ्याङबाट पक्राउ परेका महिलाहरु ।*

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित मकवानपुर प्रहरीले ४ जनालाई पक्राउ गरेको छ । हेटौँडा-११, थानाभञ्याङबाट २ जना महिला र बारा जिल्लाको चुरियामाईबाट २ जनालाई मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित पक्राउ गरेको हो ।

हेटौँडा-११ थानाभञ्याङबाट पक्राउ पर्नेमा ताप्लेजुङ जिल्ला घर भई हाल सर्लाही जिल्लाको मलंगवा नगरपालिका-४ बस्ने ३० वर्षीया मनिषा लिम्बु र ३९ वर्षीया शान्ति लिम्बु रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । सोमबार विशेष सुचनाको आधारमा प्रहरीले काठमाडौंबाट महोत्तरी गौशालातर्फ जाँदै गरेको बा प्र ०१-००६ ख ४४८९ नम्बरको बसलाई थानाभञ्याङमा रोकी सुरक्षाजाँच गर्दा लागुऔषध गाँजा फेला पारेको हो । उनीहरुको साथबाट प्रहरीले १५ किलो लागुऔषध गाँजा फेला पारेको जनाएको छ । लागुऔषध गाँजासहित दुवै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासत कक्षमा राखी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

यस्तै सोमबार पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट प्रहरीले २६ किलो लागुऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । हेटौँडाबाट बीरगन्जतर्फ जाँदै गरेको बा १४ प ३७०८ नम्बरको कारलाई रोक्न खोज्दा नरोकी भागेपछि प्रहरी टोलीले चुरियामाई मन्दिर नजिक पुगी कारलाई नियन्त्रणमा लिएको थियो । कारलाई नियन्त्रणमा लिई सुरक्षाजाँच गर्ने क्रममा गाँजा बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले कार चालक चितवन जिल्ला भरतपुर नगरपालिका-२७ का ४२ वर्षीय रोशन दमाई र कारमा सवार खैरहनी नगरपालिका-१६ का ५२ वर्षीय डियन महतो पक्राउ गरेको छ । प्रहरीले लागुऔषध गाँजा दुवैजनालाई नियन्त्रणमा लिई आवश्यक कार्बाहीका लागि ईलाका प्रहरी कार्यालय अमलेखगन्ज बारामा बुझाइएको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

## प्रधानमन्त्री प्रचण्ड हेटौंडा आउँदै

समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' हेटौंडा आउँदै हुनुहुन्छ । प्रधानमन्त्री प्रचण्ड शनिबार मानवसेवा आश्रमको नवनिर्मित भवन उद्घाटनका लागि आउन लाग्नुभएको हो ।

१२ करोड रुपैयाँ लागतमा आश्रमको अपाङ्ग, अशक्तमैत्री भवन निर्माण भएको छ । २०६९ भदौ १३ स्थापना भएको मानवसेवा आश्रम हेटौंडामा २५ जना बालबालिका, ९५ जना महिला र एक सय जना पुरुष गरी २२० जना आश्रित रहेका छन् ।

मानवसेवा आश्रमका नेपालमा अन्य २४ वटा शाखा कार्यालयहरुमा एक हजार ७ सय जना आश्रित रहेका छन् । बागमती प्रदेशमा ६ वटा, गण्डकी प्रदेशमा ५ वटा, लुम्बिनी प्रदेशमा ४ वटा, मधेश प्रदेशमा ३ वटा, कोशी प्रदेशमा एउटा, कर्णाली प्रदेशमा एउटा र सुदूरपश्चिम प्रदेशमा एउटा मानवसेवा आश्रम रहेको छ ।

केही समयअघि मानवसेवा अश्रम हेटौंडाले मेची-महाकाली अभियान सञ्चालन गरी ३ सय २ जना सडक मानवको उद्दार गरेको थियो । सडकमा बस्ने मानिसहरुको जीवन रक्षामा सहयोग पुऱ्याउने उद्देश्यले वि.सं २०७७ सालदेखि नै आश्रमले उद्दार अभियान सुरु गरेको हो । आश्रमले सडकमा कष्टकर जीवनयापन गरिरहेका मानवको उद्दार गर्दै आइरहेको छ ।

## वडाद्वारा विद्यार्थीलाई विद्यालय पोशाक वितरण



*विद्यार्थीलाई पोशाक वितरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौँडा-८, कमानेस्थित चन्द्रोदय माध्यमिक विद्यालयका विद्यार्थीलाई मंगलबार विद्यालय पोशाक (हाउस ड्रेस) हस्तान्तरण गरिएको छ । वडा कार्यालयको सहयोगमा पोशाक हस्तान्तरण गरिएको हो । वडाको वार्षिक योजाना अनुसार विद्यार्थीलाई पोशाक वितरण गरिएको वडा अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभएको छ ।

शिशु कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीलाई पोशाक वितरण गरिएको हो । वडाले भोलि बिहिबार हिमगंगा आधारभूत विद्यालयलाई पनि विद्यालय पोशाक हस्तान्तरण गरिने वडा अध्यक्ष थापाले बताउनुभएको छ । दुई विद्यालयमा करिब ५ सय विद्यार्थीलाई पोशाक हस्तान्तरण गरिने छ । यस्तै अघिल्लो वर्ष पनि यि दुई विद्यालयमा वडा कार्यालयले पोशाक उपलब्ध गराएको थियो । पोशाक वितरण कार्यक्रममा वडा सदस्य, वडा कार्यालयका कर्मचारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारी, विद्यालयका प्रधानाध्यापकको पनि उपस्थिति रहेको थियो ।

हार्दिक बधाई



*यस संस्थाकी अध्यक्ष आदरणीय **जानकी चौधरी** जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको कार्यसमिति सदस्यमा निर्वाचित हुनुभएकोमा हामी गौरवान्वित भएका छौं । उहाँ लगायत नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।*

प्रकाश खनाल, व्यवस्थापक
एवम् सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौँडा-५, पिप्ले

हार्दिक बधाई



*यस संस्थाका उपाध्यक्ष **विजय बहादुर बस्नेत** जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरको सहसचिवमा निर्वाचित हुनुभएकोमा हामी गौरवान्वित भएका छौं । उहाँ लगायत नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।*

ईन्द्रबहादुर बस्नेत, अध्यक्ष
एवम् हेटौँडा बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौँडा-७, नागस्वती

# चलचित्र समिक्षा



**सलिना धिताल**
**कक्षा-१०, ज्ञानोदय बालबाटिका आवासीय मावि, हेटौंडा-५**




विद्यार्थीहरू माझ लागूऔषध दुर्व्यसन विरूद्ध जनचेतना फैलाउने उद्देश्यले विद्यालयबाट हामीलाई "सरी मम्" चलचित्र हेर्न लगिएको थियो । कक्षा १० का लागि यो नेपाली विषयको परियोजना कार्यको एक अंश पनि थियो । चलचित्र हेर्न जान कक्षा ६ देखि १० सम्मका सबै विद्यार्थीहरू जम्मा भएका थिए । हाम्रो टोली ७७ जनाको थियो । हाम्रो टोली चलचित्र हेर्नका लागि दिउँसो १ बजेतिर विद्यालयबाट ओम्याक्स सिनेमा हलमा प्रस्थान गर्‍यौं । यो चलचित्रमा लागूऔषध दूर्व्यसनसम्बन्धी सचेतना फैलाउने कार्यहरू पनि गरेको देखिन्छ ।

सरी मम् चत्रचित्रमा थुप्रै कलाकारहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

निर्देशक : नवीन बोगटी
निर्माता : विनोद लामा
छायाङ्कन : दीर्घ गुरुङ

**कलाकार** : सरिता लामिछाने, सरोज खनाल, एलिस राई, प्रभातपल ठकुरी, प्रविल कँडेल, आरबी कटुवाल, बिहान श्रेष्ठ, युनिसा बजगाई, रेजिना मगर, सरोजबाबु खरेल, लालमणि भण्डारी आदि ।

लेखक : आयुष बुढाथोकी र सरोज पौडेल
सम्पादन : प्रितम पाण्डे
अवधि : २ घण्टा
रिलिज मितिः सन् २०२३ जनवरी १९

यो चलचित्र लागुऔषधविरुद्ध सन्देशसहित सामाजिक तथा पारिवारिक कथामा निर्माण भएको छ । चलचित्रमा परिवारको सदस्य दुर्व्यसनीमा परेपछि उत्पन्न हुने परिस्थिति र त्यसले सम्बन्धित किशोर र परिवारमा पार्ने प्रभावलाई समेटिएको छ ।

**कथावस्तु**:

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पछिल्लो समय दुर्व्यसनका घटना बढिरहँदा कुलतमा फसेका युवा-युवतीलाई लक्षित गरी फिल्ममार्फत चेतनामुलक सन्देश दिने उद्देश्यले सरी मम् तयार पारिएको छ । यस चलचित्र मार्फत् कसरी किशोरावस्थामा किशोरकिशोरीहरू कुलतमा फस्न सक्छन् भन्ने कुरालाई चित्रण गरिएको छ । यस्तो अवस्थामा नै किशोर किशोरीतर्फ र किशोरी किशोरतर्फ आकर्षित हुन्छन् । किशोरावस्थामा विभिन्न कुराहरू लिएर जिज्ञासा उत्पन्न हुन्छन् । यी सबै विषयवस्तु समेटी यो चलचित्र तयार पारिएको छ ।

यो चलचित्रमा कसरी एउटा विद्यार्थी लागूऔषधको कुलतमा फस्छ र पछि पछुतो पनि भएको देखाइएको छ । आदित्यको पात्र निर्वाह गर्ने प्रभात पलले विद्यालय तहमा विद्यालय प्रथम श्रेणीमा उत्तीर्ण गरे । जब उनी कलेज जान थाले उनको पढाइमा मन लाग्न छोड्यो । उनको दुई जना मिल्ने साथी थिए । श्याम नारायण र भूपिन जो मदिरा सेवन गर्ने गर्थे । पछि कथामा आदित्य इशा नाम गरेकी केटीप्रति आकर्षित भएको पनि देखाइएको छ । आदित्यको घरायसी वातावरण पनि राम्रो हुँदैन । उसको बुबाले मदिरा सेवन गर्छ र आफ्नी पत्नीलाई कुट्पिट गर्छ । त्यसैले मुख्य पात्र आमाको भूमिका खेल्ने सरिता लामिछाने आफ्नो छोराको भविष्य उज्यालो बनाउन विदेश जान बाध्य हुन्छिन् । उनीलाई विदेश जाने व्यवस्था मिलाइ दिने अरू कोही नभई उनकै दाजु हुन्छन् । उनी नै यस चलचित्रको सहायक पात्रको रुपमा रहेका छन् ।

जब आफ्नी आमा विदेश जान्छिन् तब आदित्यको गलत साथी सङ्गतमा पर्छ । सङ्गत बढ्दै जान्छ । उनकै साथीले उनलाई मदिरा सेवन गर्न जबरजस्ती गरेको पनि कथामा देखाएको छ । पछि उनले बिस्तारै ड्रग्स पनि लिन थाल्छन् । आदित्य लागूऔषधको लतमा यतिसम्म पर्छन् कि उनले आफ्नो आमाको गहना बेचेर भएपनि ड्रग्स सेवन गर्छन् । पछि यी सबै कुरा उनकी आमालाई थाहा हुन्छ र उनलाई यो लतबाट छुटाउन सुधार केन्द्रमा हालिन्छ । उनले त्यहाँ नयाँ-नयाँ कुरा सिकेर ९ महिनापछि सुधार केन्द्रबाट निस्कन्छन् । उनलाई आफूले गरेको कामप्रति पछुतो हुन्छ । उनलाई आमाप्रति गरेको व्यवहारप्रति पनि पछुतो हुन्छ ।

त्यसैले उनी लागूऔषधविरुद्ध जनचेतना फैलाउन लाग्छन् । उनी आफूले भोग्नुपरेको अरूले भोग्न नपरोस् भन्ने लक्ष्यका साथ विभिन्न विद्यालय तथा बाटोमा ड्रग्सविरुद्ध अभियानमा लाग्छन् र फिल्मको अन्त्यमा उनले आफ्नो आमासँग माफी माग्छन् ।

**चलचित्रको मूलभाव**

"एन्टी ड्रग्स" अभियानसहित "सरी मम्" फिल्म निर्माण भएको हो । यो फिल्मले विशेषगरी किशोर-किशोरी माझ चेतना फैलाउने काम गरेको छ । किशोरावस्थामा जिज्ञासा उत्पन्न हुनु स्वभाविक कुरा हो । यस्तो अवस्थामा नयाँ-नयाँ कुरा गर्न मन लाग्छ । त्यसैले हामी त्यस्तो कुराबाट पहिले नै सचेत हुनु आवश्यक छ । हाम्रो अभिभावक हाम्रो भविष्य सुनिश्चित तथा उज्यालो बनाउन धेरै मिहिनेत गर्नुहुन्छ । यसका साथ-साथै अभिभावकको इज्जत पनि समाजमा धेरै हुन्छ । लागूऔषधको लतले गर्दा हाम्रो अभिभावकको मान प्रतिष्ठामा पनि दाग लाग्छ भन्ने सन्देश यो चलचित्रले दिन खोजेको छ । यसको लतमा परेर आफ्नो र परिवारको भविष्य खतरामा पार्नु हुँदैन । यसको लतमा परेपछि छुट्न गाह्रो हुन्छ । अन्त्यमा हामी पछुताउनु बाहेक अरु केही औचित्य रहँदैन भन्ने सन्देश पनि यस चलचित्रले दिन खोजेको छ ।

**शीर्षक सार्थकता**:

यस चलचित्रको शीर्षक "सरी मम्" राखिएको छ । यसको शीर्षक कथासँग मिल्छ । आदित्य लतमा परेर आफ्नो आमासँग झुटो बोलेर पैँसा पनि लिएर जान्छ । यस चलचित्रमा आफ्नो घर, व्यवहार सम्हाल्न आमाले गरेको सङ्घर्षलाई दर्शाएको छ । आदित्यलाई पछि चलचित्रको अन्त्यमा आफूले गरेको व्यवहारप्रति पश्चताप हुन्छ । आफूले गरेको जस्तो अरुले पनि नगरोस् भन्ने उद्देश्यले उनले "एन्टी ड्रग्स" अभियान सञ्चालन गर्छन् । उसलाई आफ्नो आमाले आफ्ना सबै इच्छा पूरा गर्न धेरै सङ्घर्ष गर्नुपरेको र धेरै समस्या झेल्नु परेको कुरा सम्झनामा आउँछ । पछि आदित्यले आफ्नो पढाईलाई अघि बढाउँछन् र कलेज पनि प्रथम श्रेणीले उत्तीर्ण गर्छन् । त्यही समयमा आदित्यले आफूले गरेको गलत कामले आमाले समस्या र झेल्नु परेकोले सबैको अगाडि आफ्नो आमासँग माफी माग्छन् । त्यसैले यो फिल्मको शीर्षक कथासँग मिल्न जान्छ ।

**निश्कर्ष**:

"सरी मम्" लागूऔषध दुर्व्यसनविरुद्ध जनचेतना फैलाउने सन्देशमूलक चलचित्र हो । चलचित्रमा परिवारको सदस्य दुर्व्यसनीमा परेपछि उत्पन्न हुने द्वन्द्व र त्यसले मानिसमा पार्ने प्रभावको बारेमा प्रस्तुत गरिएको छ । यो चलचित्रमा देखाए जस्तै, देशमा लाखौँ युवायुवती कुलतमा फसिरहेका हुन्छन् । त्यसैले सरकार तथा समुदायले पनि यसको विरुद्ध आवाज उठाउन जरुरी छ । त्यसका लागि विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

**सुझाव**:

यस चलचित्रको कथा एकदमै राम्रो छ तर फिल्ममा अभिनेता तथा अभिनेत्रीको अभिनयमा सुधार गर्नुपर्ने थुप्रै ठाउँहरू छन् । यदि बनावटी जस्तो देखिने अभिनयमा वास्तविकझैँ लाग्ने गरी अभिनय गर्न सकेको भए राम्रो हुने थियो भन्ने मेरो विचार रहेको छ । यसको कथावस्तु तथा सन्देशमूलक कथा रहेको छ । त्यसैले म सबैलाई यो चलचित्र हेर्नका लागि सुझाव दिन्छु ।

# मेरो देश नेपाल



**रीता कार्की**

नेपाल हाम्रो देश
कति राम्रो भेष
हिमाल पहाड तराई
कोही छैन पराई ।

सुन्दर छ वन जंगल
सुन्दर छ हावापानी
सम्पदाले भरिपूर्ण ठाउँ
स्वस्थ भई यहीँ बाँच्न पाउँ ।

वीर पुर्खा सम्झिएर सधैं रुन्छु
सकारात्मक सोच भए देश बन्छ भन्छु
सुन्दर शान्त ठाउँ नेपाल हो नाउँ
सौन्दर्य धारा बहने अशेष ठाउँ ।

*कक्षा-७, श्रमिक मावि, हेटौंडा-४, कर्रा*

# जाडो मौसम



**विसुमाया प्रजा**

जाडो आयो साथी न्यानो लुगा लगाऔं
जाडोबाट बच्न तातो खाना खाऔं ।

बिहान उठ्दा जाडो हुन्छ
बिहान नुहाउँदा पनि जाडो हुन्छ ।

छिनछिनमा घाम लाग्ने
छिनछिनमा बादल लाग्ने ।

जाडोमा दिन छोटो हुन्छ
जाडोमा रात लामो हुन्छ ।

घाममा बस्दा आनन्द लाग्छ
साथीसँग खेल्दा रमाइलो लाग्छ ।

जाडोमा तातो पानी पिउनुपर्छ
जाडोमा खाना तातो खानुपर्छ ।

हाम्रो शरीरलाई न्यानो पारेर राख्नुपर्छ
रुघाखोकी र अरु रोगबाट बच्नुपर्छ ।


जाडोमा बच्चालाई जोगाएर राख्नुपर्छ
जाडोपछि गर्मी आउँछ भन्ने बुझ्नुपर्छ ।

*कक्षा-७, श्रमिक मावि, हेटौंडा-४, कर्रा*

# चित्रकला



**सुमिना परियार**
**कक्षा-३, निर्मल मावि, हेटौंडा-१९**





**सुयोग श्रेष्ठ**
**कक्षा-४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**



**अनुष्का देवकोटा**
**कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल हेटौंडा-२**

# विद्यार्थी परिचय



**रिजा भुलुन**
**कक्षा-९, निर्मल मावि, हेटौंडा-१९**

रिजा हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माविमा कक्षा ९ मा पढ्नुहुन्छ । रिजा विद्यालयको एक असल विद्यार्थी हुनुहुन्छ । रिजाको पढाई पनि उत्कृष्ट छ । रिजाको घर हेटौंडा-१९, बस्तीपुरमा रहेको छ ।

रिजाको घरमा आमा, बाबा, दिदी र रिजा गरी ४ जना सदस्य हुनुहुन्छ । रिजाको बुबाको नाम बुद्ध कुमार भुलुन हो । आमाको नाम रिता भुलुन हो । रिजाको बुबा विदेशमा हुनुहुन्छ । बुबा अहिले मलेसियामा काम गरिरहनुभएको छ । रिजाको बुबा मात्र वैदेशिक रोजगारमा नगई दिदी पनि विदेशमा हुनुहुन्छ । दिदी हाल साउदीमा हुनुहुन्छ । रिजा र रिजाको आमा मात्र घरमा बस्नुहुन्छ । रिजाको आमा असल गृहिणी हुनुहुन्छ । रिजालाई खाली समयमा खेल्न र नाच्न, गाउन मन पर्छ । रिजालाई खान, सुत्न र सँग-सँगै पढ्न पनि अत्यन्तै मन पर्छ । रिजाको मनपर्ने विषय अंग्रेजी हो । रिजालाई आफ्नो शिक्षक ज्योति म्याम धैरै मन पर्छ । ज्योति म्यामसँग रिजाको कुरा मिल्छ र नबुझेको कुरा पनि सोध्न मन पर्छ ।

रिजाको साथीहरु धेरै हुनुहुन्छ । साथीहरुसँग बसेर गफ गर्न र खेल्न मन पर्छ । प्रायः घर भित्र खेल्ने खेलहरु रिजा मन पराउनुहुन्छ । रिजा बाहिर त्यति जानुहुँदैन । रिजालाई जनावरहरु मन पर्छ । जनावर माथि हातपात गर्ने व्यक्ति रिजाको नजरमा बदमास हुन् । रिजाले जनावरहरुलाई आफ्नो छोराछोरीसरह माया गर्ने गरेको बताउनुहुन्छ ।

## बालापन



**समृद्धि धिताल**

जीवनको सबैभन्दा सुनौलो पल बालापन
जीवनको हँसिलो र रमाइलो पल बालापन ।
खेल्ने, कुद्ने गर्छन् देवताको अवतार बनी
पढ्ने पनि गर्छन् एक असल विद्यार्थी बनी ॥

हो, झगडा गर्दै रुने पनि गर्छन् ति पलमा
तर, खुसी पनि असाध्यै हुन्छ त्यो पलमा
न कसैसँग दुश्मनी देखाउछन् उनीहरुले
न कसैलाई नोक्सानी पुऱ्याउँछन् उनीहरुले

बच्चा रहँदा कहिले ठूलो हुन्छ भनी आश गर्छन्
ठूलो भएपछि बालापन बिताउन पाए हुन्थ्यो भन्छन्
थाहा छ सबैलाई बगेको खोला फिर्ता आउँदैन
त्यसैगरी बितेको पल पनि दोहोऱ्याएर आउँदैन

जीवनका हरेक क्षण आफैँमा रमणीय छ
त्यसमध्ये बालपन सबैभन्दा निस्वार्थ छ
रमाइलो बालापन बिताएकोमा खुसी मान
फेरी दोहोऱ्याएर आउँदैन त्यो पल यति जान ।

*कक्षा-७, जिएस निकेतन, हेटौंडा-५*

## हाम्रो देश



**शान्ति ब्लोन**

मेरो देश भन्छ
कहिल्यै नहोस् नास
जिन्दगीमा अघि बढी
देशको जिन्दगीलाई भोट दिनुपर्छ ।

समयको ख्याल गर्ने गर
समयले पनि साथ दिन्छ
हाँसी खुसी देशको इज्जतलाई
संसारको बलियो राजमार्ग बनाउनुपर्छ ।

देशमा रम्नु पर्छ ।
देशमा काम गर्नुपर्छ ।
सुख शान्ति भनेको यस्तै रहेछ ।
देशको सिमाना मेट्न होइन ।

दुनियाँका लागि अघि बढी झुक्नुपर्छ ।
माया सबैलाई गर प्रेम सबैलाई गर
दुनियाँको अघि दुःख भए पनि
सुखको यात्रा भएर झुम्नुपर्छ ।

हाँस्न सबैलाई देउ
रुन सबैलाई
यो देशमा अरु के छ
हाँस्न र रुन बाहेक, जिउनु र बाँच्नु

यसरी नै हो देशलाई कहिल्यै झुक्न नदेउ ।
देशलाई सिंगार्न जान
देशलाई हिलो पोत्न होइन
देशको कदर गर्ने गर

जिवनमा देशको ठुलो महत्व रहेको छ ।
मानिसलाई देश चाहिन्छ
मानिसलाई खुशी ।
जिवनको बाटो लामो छ हाम्रो ।

देशलाई कदर गरी अघि बढाउनु छ ।
हामी त बीच बाटोमै हर्केको मान्छे ।
जिवनमा देशको साथमा जिउन पर्छ भन्ने बुझे ।
प्रेम देशलाई देउ अत्याचार आफ्नो पैताला मुनि देउ ।

आफ्नो पैताला मुनिका ति अत्याचारलाई
ढुकी ढुकी फुकी देउ ॥

*कक्षा-१०, अमर मावि, हेटौंडा-१*

## कछुवा



**शयुषा न्यौपाने**

हेर हेर साथी कछुवा कति जाती
कमिलाको डरले टाउको भित्र गरी ।
कमलो रोटीसँग करेलाको अचार,
काम गर्नु भन्दा गर्नुपर्छ विचार ।

काम गर्ने मानिसको फरक हुन्छ छाँट,
काका-काकी कसैलाई कहिल्यै नढाँट ।
पहाडको पाखाभरी काफलका गेडी,
नदौडन कागपछि कान नछामी ।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

## हाम्रा दिनहरू



**निकिशा श्रेष्ठ**

महत्वपूर्ण हुन्छ एक छिनहरु
जीवन हाम्रो कर्म
जीवन हाम्रो धर्म
जीवनमा कहीं सुख कहीं दुःख

जीवनमा कहीं
जीवन हाम्रो भविष्य
जीवन हाम्रो कर्तव्य
जीवन हो यस्तो जन्मेर पनि मर्नुपर्छ

जीवन हो यस्तो कर्म गर्नका लागि जन्मनुपर्छ
जीवन एक फुल हो फुलेर पनि झर्नुपर्छ
हामी लड्यो भने लडेर पनि उठ्नुपर्छ
जीवन एक वर्षको पानी हो

झरेर पनि बग्नुपर्छ
जीवन एक चलेको बहाव हो
चलेर पनि सक्नुपर्छ
जीवन एक उमेरको बिरुवा हो
उमेर पनि मर्नुपर्छ ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल हेटौंडा-२*

## आमा



**अस्मिता श्रेष्ठ**

प्यारो लाग्छ मलाई मेरी आमा
आमा जस्तै प्यारो लाग्छ मामा

सानो छँदा मलाई खुवाई दिन्थिन् माम
अहिले म सघाई दिन्छु आमाको काम

माया गर्नुहुन्छ सबैलाई बराबरी
भाइले भात पोखी गरिदिन्छ छरिबरि

बिदामा जाने हो मोटर चढी सरर
रमाइलो लाग्छ मलाई मेरो मामा घर

*कक्षा-५, ज्ञानदा मावि, हेटौंडा-१०*

## मेरो देशको हालत



**सचिन कँडेल**

कोहि छैनन् यहाँ देशका लागि मर्ने
गए सबै विदेश देशका लागि गर्ने
जित्नु पर्ने मानिसहरु सबै जना हार्छन्
देशका लागि राम्रो गर्नेलाई जालझेल गरी मार्छन्

उड्न थाले देश छोडी विदेश जो कोही
बाँकी छैनन् युवाहरु गर्नलाई कोही
देश राम्रो बनाउँछु भनी भोट माग्न जान्छन्
नेता भैसकेपछि देश नै लुटी खान्छन्

विकासका लागि कति रकमहरु आयो
विकास हुनुअघि नै राजनीतिले खायो
यहाँ सबैजना काम पाउने आशले आउँछन्
जसले घुस खुवाउँछ त्यसले जागिर पाउँछन्

सबै जनाले दिन छोडे साथ
यस्तो राजनीतिले देशको हुँदैन विकास
अब युवाहरुले विदेश त्याग्नु पऱ्यो
नेपाल विकास गर्न सबै जाग्नु पऱ्यो

अब देशमा युवा जाग्नु पर्छ
चोर नेताहरुलाई जेलमा जाक्नु पर्छ
बुढा नेताहरु अब चाँडै नै मर्छन्
नेपालीले एउटाको दुखमा होस्टेमा हैसे गर्छन्

*कक्षा-७, सनसाइन इंग्लिस बोर्डिङ स्कूल हेटौंडा-१२*

## नजाउ छोडी यो देश



**आराध्या श्रीवास्तव**

देश बिगारेको सरकारले होइन
हामी जनताले हौँ
भोट राम्रालाई होइन
हाम्रालाई दिने हामी नै हौँ
देश विकास नहुनुको कारण
हामी नै हौँ

देश सरकारले होइन
हामीले नै छाडेका हौँ ।
देशको माया लाग्छ भने
नजाऊ यो देश छाडी ।
युवाशक्ति हराएको छ
चाडपर्वमा आफन्त आउँदैनन्
लास बाकसमा आएको छ
पैसा कमाएर मात्र के गर्नु
आफ्नाहरू पीडामा हुँदा
न त देश आउन सक्यौ
न त पीडितको घाउमा
मलमलाउन सक्यौ ।
नजाऊ यो देश छाडी ।

हाम्रा होइन राम्रा छानौँ
आफ्नै देशमा कर्म गर्नुपर्छ भन्ने जानौँ
पढ, लेख यही देशमा बसी
विकास गर्न असल नागरिक बनी
परदेशको मोह त्याग
नजाऊ यो देश छाडी ।

*कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट हेटौंडा-४*

## मेरो देश नेपाल



**समता घलान**

आहा कति राम्रो मेरो देश नेपाल
यहाँ छन् विश्वकै सबैभन्दा अग्लो हिमाल

भाषा, धर्म, संस्कृति अनेक थरी
मिलिजुली बस्छन् एउटै साझा फुलबारी

खोला-नदी, वन-जंगल, झरना कति राम्रो
प्रकृतिले सिंगारेको नेपाल कति राम्रो ।

चन्द्र-सूर्य रहेसम्म नेपाल बाँचिरहन्छ
दुख, पीडा सबै बिर्सी हिमाल हाँसिरहन्छ ।

राष्ट्रिय फुल लालीगुराँस राष्ट्रिय जनावर गाई
यहाँ छन् हिमाल, पहाड अनि तराइ

*कक्षा-५, माउण्ट एभरेष्ट इंग्लिस बोर्डिङ स्कूल हेटौंडा-८*

## बिदाई



**रितिका खतिवडा**

जिन्दगीको चौबाटोमा भेट भयो हाम्रो
चिनाजानी आफ्नोपन बस्यो कति राम्रो ।
कुराकानी गर्दा हँसिलो थियो मुहार
ऐँचो पैँचो, लेनदेन भयो कति गुहार ॥

जिन्दगी नै यात्रा रैछ ठाउँ छोड्नु पर्ने
प्लेन यात्रा गर्दा गर्दै भूमि छाड्नु पर्ने ।
जीवनको एक पल थपिएको जस्तो
मिलनपछि छुट्नै पर्ने संसार हो कस्तो ॥

छचल्किए आँशु कति लर्बराए ओँठ
गला भए रातोनिलो पऱ्यो मनमा चोट ।
आँशु ताप शरीरबाट बढी भयो जस्तो
मिलनपछि छुट्नै पर्ने बाध्यता हो कस्तो ॥

योजना छन् अपुरा खै पूरा हुने कैले
बिदाइका हातहरु हल्लाउँदै मैले ।
घरबार जति ेरी अल्मलिए जस्तो
मिलनपछि छुट्नै पर्ने जरुरी हो कस्तो ॥

*कक्षा-८, चन्द्रोदय मावि, हेटौंडा-८*

## आमा



**पूर्णिमा न्यौपाने**

मलाई जन्म दिने
मेरी आमा
मलाई हुर्काउने
मेरी आमा
आफु चाहीँ भोकै बसी
मलाई खाना खुवाउने
मेरी आमा
म रुँदा मेरो आँसु पुछिदिने
मेरी आमा
म बाटोमा लड्दा,
मलम पट्टी गरिदिने
मेरी आमा
आफुले फाटेको लुगा लगाई
मलाई नयाँ लुगा किनिदिने
मेरी आमा

*कक्षा-६, जनप्रिय मावि, हेटौंडा-१६*

## एक छोरीको सपना



**शताब्दी खरेल**

जीवनमा ती रङगी-बिरङ्गी
सपना त कति कति
मेरो उमेर बढेसँगै
आमा बुबाको मनमा भएका
ती बोझ पनि कति कति
सपना पूरा गर्न,
म सहरतिर के लागेकी थिएँ
आमाको मन आत्तिदै थियो ।
आमा भन्नुहुन्थ्यो,
छोरी नजान,
यो अन्धो समाजले
छोरी मान्छेको प्रगति देख्दैन
काका, मामा भनी ननजिकी है
दाइ, भाइ भनी धेरै खुसी नहुनु है

अहिले आफ्नै घरमा त
के हुन्छ थाहा छैन
त्यो त सहर हो छोरी
केटासँग धेरै नबोल है
केटीको भावनालाई
यो समाजले कहिले बुझ्दैन
यस्तै के भन्दै हुनुहुन्थ्यो

म सपना पूरा गर्न जाँदै थिएँ
आमाको मन भने आत्तिदै थियो
यसरी समाजको घेरा भित्र,
आफ्नो जीवन बिताउँदै थिएँ

यसैक्रममा आफ्नो सपना
छोरी मान्छेको जीवन त हो ।
म पनि डोलीमा अन्मिएँ

म पराई हुँदा
आमा कति रुनुभएको थियो ?
मैले आफ्ना सपना छाड्न खोजेँ,
तर सकिन
आमाको मनको बोझ
अझै कम भएन
किनभने अझैपनि मेरा सपना
तोडिएका थिएनन्,
बिस्तारै मेरो जीवन बदलिँदै थियो
तर सकित मैले मेरा ती अमूल्य
सपनाहरु बेच्न खोज्दै थिई
तर सकिन

आमा भन्नुहुन्थ्यो
छोरी ! तेरा सपना त्यहीँ त्यागी दे
मैले सपना बेच्ने कोसिस गर्दै थिएँ
समाजले त झन् के मान्थ्यो र ?
प्रगति त्यो पनि छोरी मान्छेको
त्यसैले समाजले पनि चाहेन

आफ्नो सपनालाई बिर्सन खोजेँ,
मैले त्यति सजिलै सपना त
त्याग्न सकिन तर जीवनमा
किनभने म छोरी नामको पखेटाले
कुँजिएकी थिएँ

*कक्षा-८, जीएस निकेतन, हेटौंडा-५*

## जेब्रा क्रसिङ



**हृदयांश न्यौपान**

हिँड्नुपर्छ बाटो जेब्रा क्रसिङबाट,
जानुपर्छ सडक पारि जेब्रा क्रसिङबाट,
हुँदैन दुर्घटना हिँडे जेब्रा क्रसिङबाट,
असल बानी नै हो यो हाम्रो,
हिँड्ने जेब्रा क्रसिङबाट ।

*कक्षा-१ (मुमिन) नवोदय शिशु सदन, हेटौंडा-४*

# सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी जिल्ला लिग क्वालिफाइ नकआउट फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । मंगलबार क्वाटरफाइनल चरणका खेलहरु सम्पन्न भएसँगै सेमिफाइनल समीकरण पूरा भएको हो ।

मंगलबार हेटौंडा-५, पिप्लेस्थित पिप्ले क्याम्पा रंगशालामा भएको पहिलो खेलमा जनप्रवाह युथ क्लबले हेटौंडा-१४ स्थित समाज कल्याण क्लबलाई ३-२ गोल अन्तरले पराजित गरेको छ । मंगलबार भएकै दोस्रो खेलमा बकैया युथ क्लब विजयी भएको छ । बकैया क्लबले सहयोगी क्लबलाई ४-० गोल अन्तरले पराजित गरेको हो । बकैयाको तर्फबाट आयुष नेगीले ३ गोल गर्दै खेलको म्यान अफ द म्याच बनेका छन् ।



प्रतियोगिता आयोजनाका लागि करिब ४ लाख ८५ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगिताको फाइनल खेल मंसिर ३० गते हुनेछ । प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ ।

सोमबार भएको पहिलो खेलमा जनहित युवा क्लब विजयी भएको थियो । हेटौंडा-१९ स्थित जनहित युवा क्लबले हेटौंडा-१९ कै ज्ञानज्योति क्लबलाई ५-१ गोल अन्तरले पराजित गरेको थियो । खेलको म्यान अफ द म्याच जनहित क्लबका एलिस तामाङ घोषित भएका छन् ।

यस्तै, सोमबार भएको दोस्रो खेलमा हेटौंडा-१२ स्थित पञ्चशील युवा क्लब विजयी भएको छ । पञ्चशील युवा क्लबले हेटौंडा-२ स्थित दि रिभाइबल युथ क्लबलाई ३-२ गोल अन्तरले पराजित गरेको थियो । खेलको म्यान अफ द म्याच पञ्चशिल क्लबका शुभराज गोले घोषित भएका छन् । सोमबार दोस्रो खेल समाप्त भएलगत्तै रेफ्री ग्राउन्ड बाहिर निस्कँदा दि रिभाइबल क्लबका खेलाडी, अफिसियलसहित टिम मेनेजरले रेफ्रीमाथि हातपात तथा अभद्र व्यवहार गरेका थिए । प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको छ ।

# रेफ्री कुट्ने खेलाडी र अफिसियललाई कारबाही

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले आयोजना गरेको जिल्ला लिग क्वालिफाइ नकआउट फुटबल प्रतियोगितामा रेफ्री कुटपिट गर्ने दि रिभाइबल युथ क्लबका खेलाडीहरुलाई कारवाही गर्ने निर्णय गरेको छ । संघका अध्यक्ष टीकाराम लामाले एक सूचना प्रकाशन गर्नुहुँदै दि रिभाइबल युथ क्लबलाई कारवाही गर्ने निर्णय भएको जानकारी दिनुभएको हो ।

सोमबार पञ्चशील युवा क्लब र दि रिभाइबल क्लबबीचको प्रतियोगितामा म्याच सकिएर रेफ्री ग्राउन्ड बाहिर निस्कँदा दि रिभाइबल क्लबका खेलाडी, अफिसियलसहित टिम मेनेजरले रेफ्रीमाथि हातपात र अभद्र व्यवहार गरेकाले क्लब, खेलाडी र अफिसियलहरुलाई कारबाही गर्ने निर्णय गरेको सूचनामा उल्लेख छ ।

दि रिभाइबल क्लबलाई ३ वर्ष, क्लबका गोलरक्षक तथा क्याप्टेन अनिल लोलाई २ वर्ष, क्लबका खेलाडी सुनिल खड्कीलाई ३ वर्ष र क्लबका टिम मेनेजर कृष्णबहादुर ठकुरीलाई ३ वर्ष एन्फाले आयोजना गरेको फुटबल प्रतियोगितामा र एन्फा रेफ्री आबद्ध प्रतियोगितामा सहभागी जनाउन प्रतिबन्ध गरिने बताइएको छ ।

यस्तै, दि रिभाइबल क्लबका पक्षबाट उपस्थित भएका ओम गुरुङ (कृष्ण) लाई पनि कारवाही गर्ने निणय गरेको छ । फोर्थ अफिसियल रेफ्रीले प्लेयर बक्समा अत्यधिक अफिसियल भएकाले ग्राउन्डको परिधिभन्दा बाहिर बसदिनु भन्दा मेरो जिम्मा भयो तपाईंहरु ढुक्क हुनु भन्ने उत्तर दिएकाले त्यहाँ उपस्थित अफिसियलहरुले नै रेफ्रीमाथि हातपात, अभद्र व्यवहार गरेकाले गुरुङलाई १ वर्षका लागि कारबाही गर्ने र एन्फाले आयोजना गरेको फुटबल प्रतियोगितामा र एन्फा रेफ्री आबद्ध प्रतियोगितामा सहभागी हुन नदिने निर्णय गरिएको हो ।

# खेलकुद तथा व्यापार महोत्सवमा १५ वटा खेल हुने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिले आयोजना गर्न लागेको वृहत् खेलकुद तथा व्यापार महोत्सवमा १५ वटा खेल हुने भएको छ । यही पुस ५ गतेदेखि १७ गतेसम्म आयोजना गर्न लागेको महोत्सवमा विभिन्न १५ वटा खेल सञ्चालन गर्ने निर्णय गरिएको हो ।

महोत्सव उद्घाटनकै दिन पुस ५ गते प्रभाकर पाण्डेको संयोजकत्वमा एथलेटिक्स खेल हुने भएको छ । सोही दिन सुनिल खड्कीको संयोजकत्वमा कर ातें खेल हुने बताइएको छ । पुस ९ गते मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका सचिव विक्रम लामिछानेको संयोजकत्वमा तेक्वान्दो खेल हुनेछ ।

केवल वानियाँको संयोजकत्वमा ब्याडमिन्टन खेल हुने बताइएको छ । विश्वनाथ पाठकको संयोजकत्वमा पुस ११ र १२ गते राष्ट्रियस्तरको उसु खेलको आयोजना गरिने निर्णय गरिएको छ । यस्तै, प्रकाश माझीको संयोजकत्वमा आइटीएफ हुनेछ भने आशीष थापाको संयोजकत्वमा फुटबल हुने भएको छ ।

सुनिल लोप्चनको संयोजकत्वमा रेस्लिङ, सन्तोष श्रेष्ठको संयोजकत्वमा भलिबल, मनोज शर्माको संयोजकत्वमा आठवटा नगरपालिकासहित अन्तरपालिका हक्की खेल आयोजना हुनेछ । अनिल दहालको संयोजकत्वमा बक्सिङ, किशोर श्रेष्ठको संयोजकत्वमा फुल कन्ट्याक्ट कराँते, सुमन नेपालीको संयोजकत्वमा कबड्डी र करन महत्रा क्षेत्रीको संयोजकत्वमा क्रिकेट आयोजना गरिने निर्णय गरिएको छ ।

महोत्सवबाट प्राप्त हुने रकम खेलकुद समितिमै राखेर खेल र खेलाडीको वृत्ति विकासमा लगाउने मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीले जानकारी दिनुभयो । महोत्सवमा खेलकुदको स्पर्धासँगै कृषि, पर्यटन, हस्तकला, खेलकुद सामग्री, धार्मिक, सामुदायिक, स्वास्थ्य, जनचेतनामूलक र खानाखाजाका स्टलसमेत रहनेछन् । यस्तै, बालउद्यान, राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति, खुला नृत्य प्रतियोगिता र लाइभ दोहोरीसमेत आयोजना हुने आयोजकले जानकारी दिएको छ । महोत्सवमा मकवानपुरमा क्रियाशील खेलकुदसँग सम्बन्धित सबै संघसंस्थाको प्रतिनिधित्व रहने बताइएको छ । महोत्सवमा विभिन्न कलाकारहरुले गायन, नृत्य, हास्यव्यङ्ग्य प्रस्तुति गर्नेछन् ।

# रामेछापमा मोबाइल पत्रकारिता तालिम सुरु

समाज संवाददाता

रामेछापः बागमती प्रदेश सञ्चार रजिष्ट्रार कार्यालयको आयोजनामा मोबाइल पत्रकारिता तालिम सुरु भएको छ । मंगलबारबाट रामेछापको मन्थलीमा सुरु तालिमको रजिष्ट्रार कार्यालयका प्रमुख रेवती सापकोटाले उद्घाटन गर्नुभयो ।

तालिमलाई सम्बोधन गर्नुहुँदै रजिष्ट्रार सापकोटाले बागमती प्रदेशले प्रदेशभित्रका पत्रकारहरुको समाचार लेखन र वाचनशैलीलाई गुणस्तरीय बनाउने उद्देश्यले विभिन्न तालिमहरु सञ्चालन गर्दै आइरहेको बताउनुभयो । उहाँले तालिममा सहभागीहरुलाई उपलब्धी हुने गरी सिक्न शुभकामना व्यक्त गर्नुभयो । तालिममा विशेषगरी फोटो र भिडियो इडिटिङको बारेमा सिकाउने उहाँले बताउनुभयो । तालिममा बागमती प्रदेशका २५ जना पत्रकारहरु सहभागी छन् । तालिममा मकवानपुरका तीन जना पत्रकार सहभागी छन् । बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित समृद्ध समाज राष्ट्रिय दैनिकका रवीन्द्र वाईबा, प्रेस दर्पणका बसन्त भण्डारी र स्पेस फोकेका प्रमोद पिया सहनी सहभागी छन् । तालिममा सहभागी सञ्चारकर्मीलाई प्रशिक्षक फोटो पत्रकारहरु विकास कार्की र नसना बज्राचार्यले प्रशिक्षण प्रदान गर्नुहुनेछ । तालिम मंसिर ३० गतेसम्म सञ्चालन हुनेछ ।

## ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि. को
## २४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको २४ औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित विषयहरुमा आवश्यक छलफल गरी उपयुक्त निर्णय गर्ने गरी निम्न लिखित मिति, स्थान र समयमा आयोजना गरिएको हुँदा शेयर सदस्यहरुलाई सहकारी मूल्य, मान्यता र सिद्धान्त बमोजिम अधिकांश शेयर सदस्यहरुको हित हुने गरी कार्यक्रम अघि बढाउन लक्ष्य र उद्देश्य तयार गरी शेयर सदस्य सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि यसै सूचनाबाट हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

क) सभामा प्रस्तुत हुने छलफलका विषयहरुः
१. अध्यक्ष श्री प्रतिमा श्रेष्ठबाट संस्थागत प्रतिवेदन ।
२. कोषाध्यक्ष श्री राजेन्द्र प्रसाद पुडासैनीबाट आर्थिक प्रतिवेदन प्रस्तुत तथा आ.व. २०८०/८१ को योजना तथा बजेट छलफल तथा पारित सम्बन्धमा ।
३. आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. लेखा सुपरीवेक्षण समिति संयोजक श्री पूर्ण प्रसाद पुडासैनीबाट प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
५. ऋण उपसमिति संयोजक श्री राजेन्द्र प्रसाद पुडासैनीबाट प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
६. नीति तथा कार्यविधिहरु पारित सम्बन्धमा ।
७. आ.व. २०८०/०८१ का लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
८. कोष (शेयर लाभांश र संरक्षित पूँजी फिर्ता) वितरण सम्बन्धमा ।
९. निर्णय पुस्तिका प्रमाणिकता लागि प्रतिनिधि चयन सम्बन्धमा ।
१०. समिति तथा उपसमिति बैठक भत्ता सम्बन्धमा ।
११. संचालक समिति र लेखा सुपरीवेक्षण समिति निर्वाचन सम्बन्धमा ।
१२. विविध

**ख) कार्यक्रम**

मिति :२०८० पुस ७ गते शनिबार ।
समयः विहान १०:०० बजे ।
स्थानः रोयल पार्टी प्यालेस, हेटौंडा–४

**नोटः** ५० कित्ता शेयर भन्दा माथि शेयर हुने शेयर सदस्यहरुको मात्र साधारणसभाको यातायात भत्ता मासिक बचत खातामा जम्मा गरिनेछ ।

**बालकृष्ण न्यौपाने**
**सचिव**

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाइराइड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।
सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

स्वादिष्ट नेवारी खाजा
अब

होटल बासुकला (फास्टफुड) मा
() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

## मोटरसाइकल हराएको सुचना

मिति २०८० साल मंसिर २४ गतेका दिन राती ९:०० बजे देखी १०:०० बजेको समयमा हेटौंडा–७, न्यूरेनी चिसापानी बस्ने लवराज अधिकारीको नाममा रहेको बा.प्र. ०३–००५ प ५२१६ नम्बरको कालो र रातो रङ्गको १५० सीसीको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A11CX7NPK12001, इन्जिन नम्बर DHXRNK68322) हेटौंडा–४ पशुपति मन्दिर बाहिरको परिसर अगाडी पार्किङ्ग गरी राखेको अवस्थामा हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सुचना प्रकाशित गरिन्छ ।

सम्पर्क: ९८५५०३४४०१

मेला हेर्न हेटौंडा आऔं
बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०
पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर
स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१
मुख्य आकर्षणहरु :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,
दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०
मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा
आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ